केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१०/०७३/७४

मिति: २०७४/०१/२८

**"क", "ख" र "ग" वर्गका सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु**

## सूचना

महाशय,

नगद कारोबारको सीमा निर्धारण सम्बन्धी मिति २०७३/१२/१० मा नेपाल राजपत्रमा नेपाल सरकार, अर्थ मन्त्रालयको सूचना प्रकाशित भएको र नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालयको प.स.०७३/७४ च.न. १२०० मिति २०७४/१/७ को पत्र मार्फत e-Government Procuement System को Banking Module अन्तर्गत रहेको Banking Instrument को Verification को कार्य "क" वर्गका बैंकहरुले दुई कार्य दिनभित्र सम्पन्न गर्नु पर्ने भएकोमा सो कार्य उक्त अवधि भित्र नभएकोले सोको कार्यान्वयनका लागि यस बैंकलाई पत्राचार भैआएको सन्दर्भमा नेपाल राजपत्रमा प्रकाशित सूचना तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको पत्र यसै साथ संलग्न गरी सोको पूर्ण कार्यान्वयनका लागि यो सूचना प्रकाशित गरिएको छ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
   सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौं।
२. श्री नेपाल बैंकर्स संघ, थापाथली, काठमाडौं।

नेपाल सरकार

## अर्थ मन्त्रालयको सूचना

नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कको परामर्शमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ग. को उपदफा (१) को प्रयोजनको लागि प्रचलित करसम्बन्धी कानूनले अन्यथा व्यवस्था गरेकोमा वा देहाय बमोजिमको अवस्थामा बाहेक संवत् २०७४ साउन १ गतेदेखि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले एकपटकमा दश लाख रुपैयाँ वा सोभन्दा बढी मूल्यको कुनै सेवा वा वस्तुको खरिद बिक्री वा अन्य कारोबार गर्दा वित्तीय संस्था वा बैङ्किङ्ग उपकरण मार्फत् गर्नु पर्ने गरी नगद कारोबारको सीमा निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ :–

(क) वित्तीय संस्थामा निक्षेप, बचत वा सटही गर्न,

(ख) वित्तीय संस्थाबाट लिएको कर्जा, त्यसको साँवा तथा ब्याज भुक्तानी गर्न,

(ग) वित्तीय संस्थाहरुबीचमा नगद कारोबार गर्न,

(घ) कुनै निक्षेपकर्ता वा बचतकर्ताले कुनै खास कारण देखाई नगद भुक्तानीको लागि दिएको निवेदनको व्यहोरा र कारण मनासिब देखिएमा त्यस्तो निक्षेपकर्ता वा बचतकर्ताको खाता रहेको वित्तीय संस्थाबाट निक्षेपकर्ता वा बचतकर्तालाई उल्लिखित सीमाभन्दा बढी नगद भुक्तानी दिन ।

आज्ञाले,
शान्तराज सुवेदी
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
ताहाचल, काठमाडौं, नेपाल

प.सं.: ०७३/७४
च.नं.: १२००

मिति: २०७४।१।७

गभर्नरको कार्यालय
च.नं.: ११४३
मिति: २०७४।१।१४

PPD
१।१८

श्रीमान् गभर्नरज्यू,
नेपाल राष्ट्र बैंक,
बालुवाटर, काठमाडौं ।

विषय : **Banking instrument verification सम्बन्धमा ।**

मिति २०७२।११।३० मा यहाँको उपस्थितिमा यस कार्यालय र 'क' वर्गका सम्पूर्ण वाणिज्य बैंकहरुको बीचमा भएको समझदारी पत्रानुसार यस कार्यालयबाट सञ्चालनमा ल्याइएको e-Government Procurement System को Banking module मा आ-आफ्नो सम्पूर्ण शाखाहरु तथा ती शाखामा कार्यरत maker/checker को दर्ता प्रणालीमा गरी बैंक वा बैंकको शाखाबाट सार्वजनिक खरिद कार्यको लागि जारी गरिएका Bid document fee, Bid security, Bank gurantee, Counter bank gurantee तथा extention document लगायतका Banking instrument हरुको verification को कार्य सम्बन्धित बैंक वा बैंकको शाखाहरुबाट २ कार्यदिनभित्र गरिनुपर्नेमा सो कार्य उक्त समयावधि भित्र नभएको कारणले सार्वजनिक निकायहरुमा सार्वजनिक खरिदको कार्यमा ढिलाइ भैरहेको छ । तसर्थ उपरोक्त Banking instrument हरु Verification को कार्य समयमै गर्नको लागि 'क' वर्गका सम्पूर्ण वाणिज्य बैंकहरुलाई निर्देशन हुन अनुरोध गर्दछु ।

.....................
(विनोद के.सी.)
सचिव

**बोधार्थ तथा कार्यार्थ:**

नेपाल बैंकर्स एशोसियसन, थापाथली, काठमाडौं: आवश्यक समन्वय गरिदिनुहुन ।

Office Tel No. 01-4030518
website: www.ppmo.gov.np
Fax No. 01-4030642
e:mail: info@ppmo.gov.np

"निजामती सेवाको मान्यता:अनुशासन, इमान्दारी र नैतिकता"